कार्यपालिकाको ६९ औं बैठक/स्थान:- अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८२ साल पौष महिनाको ०७ गते सोमबार

अध्यक्षता:- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थिति:-

१. श्री बेग प्रसाद गर्बुजा – अध्यक्ष

२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष

३. श्री मान सिं सापकोटा – का. वडा अध्यक्ष वडा नं. १

४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २

५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३

६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४

७. श्री मिम पुन - वडा अध्यक्ष वडा नं. ५

८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६

९. श्री टक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७

१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य

११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य

१२. श्री देवी पटेल - कार्यपालिका सदस्य

१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य

१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य

१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य

१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थिति:-

पुनम के.सी. (लेखा अधिकृत)

सावित्री गर्बुजा, उप- ले.ले (प्रशासन शाखा)

दिपक सापकोटा - भौतिक पूर्वाधार विकास शाखा प्रमुख

प्रस्तावहरु:-

१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।

२. गाउँ प्रहरी तालिम सम्बन्धमा ।

३. दरवाङ बजार संरक्षण सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा ।

५. विविध ।

निर्णयहरु:-

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा मालिका गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८२/०८/१६ देखि मिति २०८२/०८/१८ गते सम्म सञ्चालन गर्ने निर्णय गरियो । प्रतियोगितामा प्रथम हुनेलाई रु. ५०,०००/- (पचाँस हजार मात्र), द्वीतियले हुनेलाई रु. ४०,०००/- (चालिस हजार मात्र) र तृतीय हुनेले रु. ३०,०००/- (तिस हजार मात्र) साथै उत्कृष्ट मार्च पास गर्ने विद्यालयलाई रु. ५ हजार र अनुशासित विद्यालयलाई रु. ५ हजार नगद पुरस्कार राशि प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा मालिका गाउँपालिकामा नियुक्ति भएका गाउँ प्रहरीहरुका कार्य क्षमता अभिवृद्धिका लागि इलाका प्रहरी कार्यालय, दरवाङबाट पेश गरिएको लागत अनुमान बमोजिमको खर्च गाउँ/नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन शिर्षकबाट लेखे गरी इलाका प्रहरी कार्यालय, दरवाङलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८२/०८३ मा संघीय सरकारबाट हस्तान्त्रित विशेष अनुदान अन्तर्गत दरवाङ बजार संरक्षण शिर्षकमा रु. ८० लाख विनियोजन भएकोमा उक्त आयोजनको दिगोपनका लागि DPR (विस्तृत परियोजना प्रतिवेदन) तयार गरी भक्तिनी धारादेखि कार्य सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८२/०७/२१ गते दिनको ३:०० बजे मालिका गाउँपालिका वडा नं. ५, रुन्मा (साविक देविस्थान गा.वि.स. वडा नं. ८) निवासी धर्मराज पुन मगरको घर धन्सारमा अचानक आगोलागी हुन गई २० एम.एम. को १ क्यईल पाईप, काठ, पराल, माहुरीको घार जलेर पूर्ण क्षति भएकोले निजलाई रु.२५

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ मा हाल सम्म गाउँपालिका मार्फत सम्पादन गरिएका क्रियाकलापहरु सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२/०९/१२ गते सञ्चालन गर्ने निर्णय गरियो ।

५. वर्षाद्का समयमा मालिका गाउँपालिकाका विभिन्न वडाहरुका १२ जना विपद् प्रभावित व्यक्तिहरुलाई जनप्रतिनिधिहरुको रोहवरमा रु. ७२,५७४/२५ (बहत्तर हजार पाँच सय चौरहत्तर रुपैया पच्चीस पैसा) बराबरको त्रिपाल खरिद गरी वितरण गरिएकोले सम्बन्धित सप्लायर्सलाई आकस्मिक विपद् कोष शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।